# रत्ननगर नगरपालिका कार्यालय

रत्ननगर, चितवन
नेपाल

फोन : ०५६-५६०५२९
०५६-५६०५०६
फ्याक्सः ०५६-५६२४८७

प.सं. : ०७२/०७३, सूचना केन्द्र

च.नं. ८१०६

मिति : २०७३।३।३०

## प्रेस विज्ञप्ती

रत्ननगर नगरपालिकाको आ.व. २०७२।०७३ को तेस्रो तथा अन्तिंम चौमासिक अवधिमा सम्पादन भएका योजना, कार्यक्रम तथा प्रशासनिक कार्यहरुको सार्वजनिक सुनुवाई मिति २०७३ असार २९ गतेका दिन सम्पन्न भयो । रत्ननगर नगरपालिका का प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगरमा क्रियासिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, वडा नागरिक मञ्चका संयोजक एवं पदाधिकारीहरु, टोल विकास संस्थाका प्रमुख एवं पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, सामाजिक संघ संस्था, बुद्धिजीवी वर्ग लगाएतको सहभागितामा भएको उक्त कार्यक्रम परामर्शदाता संस्था प्रोग्रेसिभ ईनिसियटिभ प्रा.लि.काठमाण्डौंले संयोजन गरेको थियो ।

उक्त अवसरमा रत्ननगर नगरपीलका लेखा अधिकृत श्री सीताराम पोखरेल ज्यूले नगरपालिकाको आ.व.२०७२।०७३ जेष्ठ मसान्तसम्मको आय व्याय सहित समग्र गतिविधि वारे प्रस्तुतीकरण गर्नु भएको थियो । सो अवसरमा नगरपालिकाको कुल अनुमानित आय रु.१६२०८५०००।– यथार्थ आए रु. १९,३३,७३,९२२।– छ भने आन्तरीक तर्फ अनुमानित रु.३,७१,३२,०००।– यथार्थ रु.३,६३,९२,८२६।– छ । कुल खर्च जेष्ठ मसान्तसम्म रु. १८,८२,२३,५४१।– जस मध्ये प्रशासनिक खर्च तर्फ रु. २,८५,७४,२२०।–(१५ प्रतिशत), सार्वजनिक निर्माण खर्च रु.१०,०४,८९,०४१।–(५४ प्रतिशत), भूकम्प अनुदान रु.१,५७,१७,०००।–(८ प्रतिशत), सामाजिक सुरक्षा तर्फ ४,३५,५६,२८०।–(२३ प्रतिशत)

सो कार्यक्रममा विभिन्न सेवाग्राहीबाट विकास निर्माणको गतिविधी कार्यलयबाट भएको कार्यसम्पादनको विषयमा सवाल एवं सुझावहरु प्राप्त भएको थियो । उठेका सवालहरुको सम्वन्धित शाखा प्रमुखहरुबाट जवाफ दिईएको थियो ।

2073/3/30

लीलानाथ अर्याल
सूचना अधिकारी
रत्ननगर नगरपालिका कार्यालय
रत्ननगर , चितवन

नगर प्रमुखको अधिकार
प्रत्यायोजन भए बमोजिम
शाखा प्रमुख